# जातीय संगठन र राज्यको पुनर्संरचना

मोहनप्रसाद भण्डारी

आफ्ना धर्म, संस्कृति र परम्परामा आधारित बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक यस मुलुकमा बसोबास गर्ने हरेक जातिको आफ्नै स्वतन्त्र पहिचान छ। आ-आफ्नै भाषा संस्कृति, रहन-सहन र रीतिरिवाज छन्। यहाँ बसोबास गर्ने हरेक जातिको अर्को जातिसँग व्यक्तिगत, सामूहिक र सामाजिक-सांस्कृतिक नाता छ अनि सबैको सबैसँग नेपालीत्वको नाता छ। मुलुकमा सामाजिक संरचना निर्माण भएयता कुनै पनि कालखण्डमा नेपाली माटोमा जातीय विद्वेष र धार्मिक साम्प्रदायिक द्वन्द्वका नाममा एक थोपो रगत खसेको छैन। हरेक व्यक्तिमा भरिएको सामाजिक सद्भाव र धार्मिक सहिष्णुता नेपाली समाजको मौलिक विशेषता थियो। त्यही सामाजिक एकता र भावनात्मक अखण्डताकै कारण नेपालीहरूले त्यत्रो शक्तिशाली अंग्रेज साम्राज्यसँग टक्कर लिएको इतिहास आलै छ। त्यसै आधारमा वीरहरूको देश भनेर विश्वले हामीलाई चिन्यो।

जुन बेलासम्म हामी यसरी राष्ट्रिय रूपले संगठित थियौं, हामीलाई कसैले हल्लाउन सकेन तर अहिले हामी कसैद्वारा फुटाइएका छौं। विभिन्न राजनीतिक दलका नाममा अनि विभिन्न जात-जाति, भाषा, धर्म र संस्कृतिका नाममा आफैंभित्र अनेक टुक्रामा चिरा परेका छौं। वर्तमान राजनीतिले विभिन्न वर्गीय र जातीय समुदायलाई संगठित गर्ने नाममा आफू-आफूमा विभाजित गर्दै एक समुदायसँग अर्को समुदायको अन्तर्विरोध सिर्जना गरी विभिन्न जातीय समुदायलाई आफ्ना छुट्टै राज्य माग गर्ने प्रदूषित वातावरण निर्माण गरेको छ। निश्चय नै यो अवस्था मुलुकको सार्वभौम अखण्डताविरुद्धको प्रहार हो र जातीय समुदायबीच रोपिएको एउटा कलुषित विषवृक्ष हो जसले कुनै पनि दिन सिंगै नेपाल राष्ट्रकै अस्तित्व मेटाइदिन सक्नेछ।

जातीय राज्यको निर्माण भोलिका निम्ति त्यति खतरनाक बन्ने छ भन्ने जान्दाजान्दै पनि हाम्रा नेताहरू किन त्यसैलाई प्रोत्साहित गरिरहेका छन्? यसका पछाडि या त

नेपाललाई बर्बाद गरेर आफ्नो उल्लु सोझ्याउने कुनै विदेशी शक्तिकेन्द्रको कुत्सित खेल हुनसक्छ र हाम्रा नेताहरू त्यसको इसारामा कठपुतली नाचिरहेका छन् या कुनै राजनीतिक दलविशेषले चुनावमा अत्यधिक जातीय मत प्राप्त गरी सत्तामा पुग्न रचेको क्षणिक योजना हुनसक्छ अथवा यी विभिन्न जातिले नेपाल एकीकरणपूर्व कायम रहेका आफ्ना स्वतन्त्र राज्यहरूको पुनस्र्थापनाको सपना देखेका हुन सक्छन् । जातीय स्वार्थ र अहंकारबाट समाजको समुन्नति सम्भव हुँदैन ।

कुनै जातिको कुनै व्यक्ति विशेषले कुनै बेला कसैमाथि कुनै ज्यादती गर्‍यो भनेकै भरमा आज सिंगो त्यस जातिविशेषमाथि दोषारोपण गर्नु अन्याय हुनेछ र त्यस अन्यायले फेरि अर्को विद्रोह जन्माउन सक्छ । यसरी एकपछि अर्को हुँदै उब्जिने प्रतिक्रिया, विद्रोह र प्रतिशोधको फलस्वरूप समाजमा कहिल्यै शान्ति व्यवस्था स्थापित हुन सक्तैन । सधैं द्वन्द्व र संघर्ष मात्र चलिरहन्छ । यसले सामाजिक, राजनीतिक अस्थिरता र आर्थिक विपन्नता जन्माउँछ । जाति, धर्म, वर्ण, लिंग अथवा सामाजिक, आर्थिक, राजनीतिक जुनसुकै नामबाट भए पनि जनताको विभाजित मानसिकता यस अवनतिको मूल कारण हो र यसको असली उपचार बृहत् नेपाली जातीयताको अखण्ड मनोभावना स्थापित भए मात्रै सम्भव हुनसक्छ ।

वर्तमान परिवर्तित परिस्थितिमा मुलुकका विभिन्न जात-जातिहरूले आफ्ना छुट्टै जातीय राज्यहरू स्थापित हुनुपर्ने भनी माग राख्दै थालेको आन्दोलन र ठूला राजनीतिक दलहरूबाट तिनलाई पूरा गरिदिने भनी दिएको सस्तो आश्वासनले मुलुक अहिले धागो चुँडिएको चंगा अथवा 'ब्रेक फेल' भएको गाडीजस्तो उडिरहेको प्रतीत हुन्छ । जातीय आधारमा राज्यको संरचना निर्माण गर्दै जाने क्रममा जनसंख्या बढेजस्तै यहाँ जातिको संख्या पनि बढ्दो रहेछ । लिच्छवीकालमा यहाँ जातको संख्या १८ मात्रै थियो, पृथ्वीनारायण शाहकालमा ३६ भयो । अहिले त्यो बढेर सयभन्दा माथि पुगेको छ । त्यसले त बरु जातीय राज्यअन्तर्गत बसोबास गर्ने अन्य जातिहरूमा बिस्तारै ती अग्राधिकार वा विशेषाधिकार सम्पन्न जातिहरूप्रति विद्रोहको भावना बढ्दै जानेछ र कुनै पनि दिन त्यसले  विस्फोटक रूप लिन सक्छ । जनआन्दोलनबाट प्राप्त लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत विकास गर्ने नाममा मुलुकका विभिन्न भागमा बसोबास गर्दै आएका जातैपिच्छे

र भाषैपिच्छे राज्यहरू वितरण गर्दै हिंँड्ने अधिकार सरकारलाई मात्र होइन, कसैलाई पनि छैन । यो सम्पूर्ण नेपाली जनताको सार्वभौम अखण्डताको विषय हो । आवश्यक परे यसका निम्ति देशका सम्पूर्ण बालिग नागरिकबाट जनमतसंग्रह गराई राय सुझाव संकलन गर्नुपर्ने हुन्छ ।

जातीय आधारमा राज्यहरूको निर्माण कुनै पनि परिस्थितिमा देश र जनताका निम्ति हितकर हुन सक्दैन। त्यसैले आ-आफ्ना जातीय अग्राधिकार र आत्मनिर्णयको अधिकारसहित स्वायत्त राज्यको माग गर्ने यस देशका जातीय समुदायहरूले मुलुकको बृहत्तर हित र सार्वभौम अखण्डताका लागि अझै जिम्मेवार भई त्यस्तो आत्मघाती कदमलाई आजको युग सुहाउँदो र मुलुकको वस्तुगत सापेक्षताका आधारमा संशोधन गर्नैपर्छ । अनि स्थानीय स्वशासन र विकेन्द्रीकरणको मर्मलाई आत्मसात् गर्दै कतैबाट जाति, धर्म, भाषा आदि कुनै किसिमको सम्प्रदायिक गन्ध नआउने गरी, प्रशासन र विकास निर्माणको प्रादेशिक सन्तुलन कायम हुने गरी, प्राकृतिक स्रोत-सम्पदाको समुचित बाँडफाँड र विशुद्ध भौगोलिक सुगमताका आधारमा कसैको अग्राधिकार र विशेषाधिकार नभई त्यहाँ बसोबास गर्ने सम्पूर्ण जनताको राज्यसत्ता र अन्य शैक्षिक, आर्थिक गति विधिहरूमा समान पहुँच रहने गरी कुनै प्राकृतिक वा ऐतिहासिक महत्त्वका स्थानको नामबाट नयाँ प्रान्तीय राज्यहरूको संरचना र सीमा निश्चित गरिनुपर्छ ।